**स्थानिय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको प्रतिबेदन**

**स्थानिय तहको नाम::राप्ती गाँउपालिका, दाङ**

**मिति: २०७८ असार ०३ र ०४**

**१.पृष्टभुमी**

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको माध्यमबाट स्थानिय सरकारको संस्थागत संरचना र सम्पुर्ण बिकास योजना तथा कार्यक्रमहरुमा महिला र सिमान्तकृत समुहहरुलाई समावेश गराउने बिधि हो. लैङ्गिक समानता र सबै लक्षित वर्गहरुको अर्थपुर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै समानता सशक्तिकरण र मुलप्रवाहिकरण कायम गर्नका लागी तय गरिएको कार्यक्रम र वजेट विश्लेषण सहित उद्देश्य प्राप्तिमा निर्धारण हासिल भयो भएन भनि लेखाजोखा गर्ने बिशेष बिधि हो।

नेपालको संविधान, लैससास सम्बन्धी अन्तराष्ट्रिय प्रतिबद्दता अनुरूप लैंङ्गिक बिभेदको अन्त्य गरि आर्थिक समानता, समृद्दि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्दान्तमा आधारित समतामूलक सामाजको निर्माण गर्नको लागि संघीय संरचना अन्तरगत बनेका स्थानीय तह तथा निकायहरूले आ आफ्नो निति तथा कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट तथा लै स सा स लाई मुलप्रबागीकरण तथा आन्तरिकरण गर्नु अपरिहार्य रहेकोले यस राप्ती गाँउपालिकाले आप्नो कार्यहक्रम, योजना तथा संरचनाहरुलाई लै स सा स मैत्री बनाउने प्रतिबधता साथ लैससास परिक्षण गरेको छ।

२. उद्देश्य **(Objectives)**

लैससास परिक्षणको मुख्य उद्देश्य गाँउपालिकाले गर्ने सम्पुर्ण विकासका कार्यहरुलाई लै.स.सा.स उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिच्छित, समतामुलक वितरण तथा उपयोगि बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार रहेका छन।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैङगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग)  स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने

३. कार्यक्रमको मुख्य उपलब्धिहरु **(Outputs Delivered)**

गाँसपालिकाको निति, कार्यक्रम तथा बजेट , सम्बन्धी अभिलेखहरु संकलन गरि अध्ययन तथा विश्लेषणको आधारमा बिधमान अभिलेखहरुमा उल्लेखित महिला तथा पिछाडीए बर्गको उत्थानकालागि गरिएका कार्यक्रमहरु र बजेटको बिश्लेषण गरिएको थियो। गाँउपालिकाका सम्बन्धित कर्मचारीहरु तथा पदाधिकारिहरुसंग छलफल र अन्तरकृया सहित लैससास क्षेत्र अनुसार लैङ्गिक मुलप्रवाहिकरण लागी विनियोजित बजेटको अवस्थाको बिश्लेषण र संस्थागत लेखाजोखाको लागि लैससास परिक्षण को बिभिन्न सुचकमा रही गाँउपालिकाको निति, तथा योजना, संस्थागत संरचना, सेवा प्रवाह, तथा सुशासन तथा उत्तदायीत्वको शिर्षकमा लेखाजोखा गरिएको थियो

- गाउपालिकाको पदाधिकारी तथा बिषयगत शाखाका कर्मचारीहरु लाई लैससास अवधारणको बारे जानकारी, लैससास परिक्षण के हो, यसको उद्देश्य तथा स्थानिय तहमा लैससास परिक्षणको महत्वको बारे जानकारी गरिएको थियो।
- लैससास परिक्षणको प्रकृया बारे अभिमुखिकरण पछि बिषयगत शाखाका कर्मचारी तथा कार्यपालिकाक पदाधिकारीहरु बसि लैससास परिक्षण गरिएको थियो। प्रत्यक बिषय तथा सह बिषय भित्रका प्रश्नावलीमा रहेर सहभागी बिच छलफल र निश्कर्ष पछि पाएको अंक प्रदान गरिएको थियो।
- प्राप्त अंकको आधारमा  पालिकाको बर्तमान अवस्था माकुरो जालो र डायस बिधिबाट चित्रण र समुहिक महशुसिकरण गराईएको थियो।
- बिषयबस्तुको जानकारी तथा गाँउपालिकाको अवस्थाको वारेमा छलफलको आधारमा सहभागिलाई लैससासको मुलप्रवाहिकारको लागि यस गाऊपालिकाको सवाल पक्षअवसरहार र  ,सुधार गरिनु पर्ने पक्ष , चुनौनीहरुकोको बिश्लेशण सहभाहितामुलकतरिकाले गरिएको थियो।
- छलफल तथा समुहगत कार्यबाट पहिचान भएका सुधार गरिनु पर्ने पक्षलाई संबोधन गर्न कार्य योजना तयार गरिएको थियो।
-

## विधि (Methodology)

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तिन चरणमा विभाजन गरी देहाय अनुसार सम्पन्न गरियो।

### ५.१ तयारी चरण

लैससास परीक्षणको लागि सहभागीहरू तोक्ने, लैससास कार्यशाला गोष्ठी संचालनको लागी मिति, स्थान, समय, अवधि निर्धारणको लागि नगरपालिकाका प्रमुखको अध्यक्षतामा बैठक बसि उपप्रमुखको संयोजकत्तोमा ५ सदस्सीय लैससास परिक्षण कार्यदल गठन गरि कार्यशाला संचालको लागि २०७८ को असार महिनाको ०३र १०४ गतेको मिति निर्धारण गरि कार्यशाला गोष्ठिको प्रकृयाको बारे मा छलफल गरि निर्णय गरियो। साथै उत्त कार्यदल र लैससास परिक्षण विज्ञले पालिकाको निति तथा कार्यक्रम,  आवाधिक योजना, बार्षिक तथा चौमासिक प्रगती प्रतिवेदन तथा अन्य दस्तावेजहरुको पुनारवलोकन गरि प्रारम्भिक प्रतिवेदन तय गरियो।

### ५.२, कार्यान्वयण चरण:

लैससास परीक्षण कार्य नितान्त संस्थाको स्व-लेखाजोखा कार्यक्रम भएको हुनाले संस्थाका सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरुलाई लैससास को अवधारण र लैससास परिक्षणको महत्तव बारे प्रष्ट गरियो। परिक्षणमा सबै सहभागिलाई ५ वडा समुहमा बिभाजन गरि प्रत्यक समुहलाई एउटा एउटा मुल शिर्षकमा गहन छलफल गर्न लगाई प्राप्त नतिजालाई पुन ठुलो समुहमा छलफल गराई अंक भार निर्धारण गरियो संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने बिधिमा नगरपालाकको निति, कानुन र योजना, संस्थागत व्यावस्थापन, मानव संसाधन तथा क्षामता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायीत्व गरि प्रमुख पाँचबवटा शिर्षकहरु भित्र २२ वटा उपशिर्षकहरुमा छलफल गरिएको थियो। ति शिर्षकलाई प्रष्ट बनाउनका लागि प्रत्येक उपशिर्षकमा प्रश्नहरु राखिएका थिए. तिनै प्रश्नहरुको आधारमा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसंग छलफल गरिएको थियो।छलफलको आधारमा उक्त बुदाँमा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा ० अंक प्रदान गरिएको छ। अन्तमा बिभिन्न शिर्षकहरुमा प्राप्त अंकहरुलाई माकुरो जालोको चित्र बनाई सहभागीहरु माझ उक्त नमुना चित्र प्रस्तुत गरिएको थियो। सो चित्रले देखाएका राम्रा पक्षहरुलाई निरन्तरता दिदै कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनगरुमा नगरपालिकालाई एक आदर्श निकायको रुपमा स्थापित गर्नु आवश्यकताहरुको पहिचान गरी लैससास लागि एकिकृत कार्य योजना तयार गरियो।

**३. प्रतिवेदन चरण :** लैङ्गिक समानतात तथा सामाजिक समावेशिकरण परिक्षण कार्यबिधीमा उल्लेख भएको लैससास परिक्षणको अनुसुचीमा उल्लेख भएको प्रगती प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार पारिएको छ। लैससास परिक्षण गर्दा सहभागिहरु बिच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनको प्रमुख प्राप्तीको खण्डमा उल्लेख गरिएको छ।

## ५ समस्या तथा चुनौतिहरु (Issues and problems observed)

- कानुन तथा निति निर्माणको क्रममा लाभग्राही विशेषतमहिला तथा सामाजिक रुपमा बञ्चितिमा परेको : सुदायको सुझाव लिने संयन्त्र व्यावस्था नहुनु।
- गाउँपालिकामा महिला तथा पुरुषको समबिकास तथा सामाजिक समाबेशिकरण तथा विभेद अन्त्यको लागि अलग्गै निति नहुनु
- गाँउपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु दिगो बिकासका लक्ष्यबालबालिका तथा ,महिला , जातिय विभेदको अन्त्यका लागि भएका प्रतिबद्दता तथा कार्ययोजना प्रति सचेत नहुनु र यसमा आधारित भएर कार्यक्रम तथा योजनाको तर्जुमा नहुनु
- गाँउपालिकाले महिला विकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा प्रयाप्त स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना नगर्नु।
- स्थानीयसरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत नहुनु
- बजेट निर्मण तथा योजना निर्माण प्रकृयामा लक्षित बर्गको सहभागिता हुने प्राबद्दन नहुनु।

## ६ मुख्य निर्णय तथा सुझावहरु (Key Decisions/Recommendations)

- यस गापामा निर्माण भएका तथा हुने तयारीमा रहेका नितिकार्ययोजना तथा निर्देशिकाहरु लैससास दृष्टीकोणले , कार्यबिधि तथा निर्देशिकाहरु लैससास मैत्री बनाउनु पर्ने ,पुनरावलकन गरि निति

- महिला तथा पिछडीएका बर्गको आर्थिक तथा सामाजिकम सशक्तिकरणको लागि योजना तथा कार्यक्रमहरु गरिए पनि उनिहरुको व्यावहारी तथा रणनितिक आवश्यकताहरुको बिश्लेशण गरि उनिहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम भएको देखिदैन तर्सथ प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रममा बृद्दि गर्नु पर्ने छ।
- अनौपचारीक मुल्य मान्यता र कुसंस्कार निवारणका लागि जनचेतनाना मुलक कार्यक्रमको साथै कुसंस्कारको मुख्य कारण बिश्लेषण गरि रणनितिक योजनानै बनाएर कार्यक्रम नै गरिनु पर्ने
- बजेट तथा योजना तर्जुमाकार्यन्वयन तथा अनुगमन तथा मुल्याङ्कन सबै चरणमा लक्षीत बर्गको सक्रिय सहभागिता , गराउने व्यावस्था गरिनु पर्ने
- कार्य प्रणालीमा समाबेशिता भए पनि गापामा हुन सक्ने कुनै पनि प्रकारको दुव्यहार, भेदभाव र महिला हिंसा नियन्त्रणको लागी आचार सहिता बनाएर लागु गरिएको छैन तर्सथ तत्काल आचार संहिता लागु गर्नुपर्ने देखिन्छ।

## ७.सिकाईहरु (Learning)

- गाँउपालिकाको आयोजनामा गरिऐको हँदा कार्यक्रम प्रति संम्बन्धित निकायको अपनत्नको भावना रहेको
- लैससास स्थानिय तहको निति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा अति आवश्यक बिषयबस्तु रहेकोले कार्यशालाले निति तथा कार्यक्रममा कस्ता कार्यक्रमगरु समावेश गरिनुपर्ने रहेछ भनेर सहभागीले अत्यन्त चासो दिएको
- लैससास बारे जनप्रतिनिधीले बुझ्न र यस्ता कार्यक्रमगरुमा उनिहरुको अनिवार्य सहभागिता आवश्यक रहने

## ८. समग्रमा कार्यशालाको मुल्याङ्कन

लैससास परिक्षण कार्यशाला गाँउपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको नौलो र निकै चासोको बिषय भएको हँदा सम्पुर्ण सहभागिहरुको सक्रिय सहभागिता रहेको थियो। निति तथा कार्यक्रम ल्याउनु पर्ने समय भएकाले गाँउपालिका अध्यक्ष, उपाध्यक्ष ,कार्यपालिका सदस्यहरु , प्रमुख प्रशासकिय अधिकृत तथा अन्य कर्मचारीहरु लैससास मैत्री कस्ता कस्ता कार्यक्रम गर्नु पर्ने रहेछ भनेर जान्ने अवसर रहेको हुदाँ कार्यक्रममा सहभागीहरु अर्थपुर्ण सहभागिता रहेको थियो। लैससास कार्यक्रमहरुलाई सबै एकैखाले हुन, बिशेष गरि महिला अधीकार कै कुरा हुन भन्ने सोचले गर्दा सक्रिय सहभागितामा चासो नदेखाउनु, महिलाको कार्क्रमहरु त हरेकै छै नि भन्ने सोचले जरो गाडेको त्यसैले यो कार्यशालाले सहभागिलाई महशुस गराएको छ कि महिला तथा लक्षित बर्गको लागि केहि बजेट बिनियोजन गरेर मात्र लैससास मैत्री कार्यक्रम नहुने रहेछ यसको लागी बजेट तर्जुमा तथा योजना तर्जुमाको चरण देखि असर, प्रभाव बिश्लेषणको चरण सम्म लैससास दृष्टिकोणबाट बिश्लेषण गरिनु पर्ने तथा लैससास लाई कार्यक्रमगत तथा संस्थागत तरहबाट समाबेश गरिनु पर्ने भन्ने कुरा सहभागालई महसुसिकरण गराएको छ। समग्रमा कार्यशाला एकदम प्रभावकारी रहेको थियो।

९. भनाईहरु(Testimonials)

लैससासलाई संस्थागत रुपमा विकास गर्नको लागि आगामी बर्ष देखि निरन्तर लैससास परिक्षण गरि लैससास क्षेत्रमा यस गाँपमा देखिएका कमजोररीहरुलाई पत्ता लगाई सुधार गर्दै लगिने छ। यस कार्यशाला वाट आएका सुधार गर्नु पक्षहारुलाई बिशेष प्राथमिकतामा राखि बजेट बिनियोजन गरिने छ साथै लैससास सम्वन्धि पदाधिकारी तथा कर्मचारीको क्षामता बिकास गर्नको लागि आवश्यक जनशक्ति तथा उचित बजेटको व्यावस्था गरि कार्यन्वयनमा ल्याउने कुरामा प्रतिबद्दता गर्दछु- राप्ती गाप अध्यक्ष।

*अनुसुचिहरु*

*अनुसुचि १: लै.स.सा.स. परीक्षणको विषयवस्तु (कार्यतालिका)*

| | बिषयबस्तु | क्रियाकलाप | विधि | जिम्नेवारी |
|---|---|---|---|---|
| **पहिलो दिन-कार्यदल गठन** | | | | |
| १०.००- १२:०० | कर्मचारी तथा प्रमुख उपप्रमुख संग छलफल | - प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत संग भेटघाट तथा लैससास परिक्षणको बारे जानकारी<br>- स्थलगत अनुगमन<br>- महिला बिकास शाखा संग छलफल | **अन्तरकृया तथा छलफल** | लैससास परिक्षण सहजकर्ता |
| १२.००-३.३०० | दस्तावेज पुनरावलकन | - निति, कार्यबिधि तथा निर्दिकाको पुरावलोकन<br>- सम्बन्धित शाखा प्रूमुख संग अन्तरकृया<br>- पदाधिकारीसंग अन्तकृया | **अध्यान, अन्तकृया, छलफल** | लैससास परिक्षण सहजकर्ता |
| दोस्रो दिन | | | | |
| १०:३०- ११:०० | उद्घाटन | - आसनग्रहण<br>- स्वागत मतव्य<br>- परिचय | | गा.प |
| ११:००-१:३०० | लैससा सम्बन्धि अबधारण | - लैससास के ,किन ,राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राबधानहरु | प्रस्तुती ,छलफल | सहजकर्ता |
| ११:३०-१२:३० | लैससा सम्बन्धि अबधारण | लैससास परिक्षण के ,किन ,र प्रकृया | प्रस्तुती ,छलफल | सहजकर्ता |
| १२:३०-५:०० | लैससास परिक्षणका सुचकहरुको मुल्याङ्कन | लैससास परिक्षणका सुचकहरुको अभ्यास | अभ्यास | सहभागी |
| **तेस्रो दिन** | | | | |
| १०:३०- १२:३० | लैससास परिक्षण सुचकहरु मुल्याङ्कन प्रकृया | माकुरिको जालो र भेन डायग्राम बिधिबाट नतिजाको प्रस्तुत र | प्रस्तुतिकरण र छलफल | सहभागी , सहजकर्ता |
| १२:३०- ३:०० | लैससास परिक्षण सुचकहरु मुल्याङ्कन प्रकृया | सबल पक्ष ,कमजोर पक्ष ,अवसर र चुनौतीको अभ्यास | अभ्यास | सहभागी , सहजकर्ता |
| **३:००-३:३०** | | खाजा | | |

| | | | | |
|---|---|---|---|---|
| ३:३०-४:३० | लैससास परिक्षण सुचकहरु मुल्याङ्कन प्रकृया | कार्ययोजना निर्माण | अभ्यास | सहभागी , सहजकर्ता |
| ४:३०-५:०० | समापन सत्र | | | गाउपालिका |

*अनुसुचि २: स्थानिय तहको लैससास विकास कार्ययोजना*

**राप्ती गाउँपालिका**

**लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना**

असार, २०७८

| मूल शिर्षक | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने । नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| नीति, कानून र योजना २० | ११ | १ लैससास दृष्टिले निति कानुन तथा योजनाको मस्यौदा उपर छलफल, वहस गर्न कार्यटोली निर्माण गर्ने, समिक्षा गर्ने, कार्यन्वयन पक्ष सहभागिता मुलक बनाउने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | आगामी आ.ब बाट सुरु | ✓ | |
| | | २ .महिला र पुरुषमा रहेको ज्याला विबेदको अन्त्यको लागि समान कामको समान ज्यालाको निति बनई कार्यन्वयनमा ल्याउने | प्र.सा शाखा | कार्पालिका | प्र.सा शाखा | दोस्रो चौमासिक २०७८ | ✓ | |
| | | ३ रेथाने र आप्रवासी कामदार तथा श्रमजिवि उपर हुने विभेद रोक्ने निति तयार र सोको प्रभावकारी कार्यन्यन गर्ने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | दोस्रो चौमासिक २०७८ | ✓ | |
| | | ४ गाँउपालिकाको लैससास निति तयार गर्ने | उपाध्यक्ष | कार्यपालिका | महिला विकास शाखा | दोस्रो चौमासिक २०७८ | ✓ | |
| | | ५ बार्षिक र आबाधिक योजना तथा कार्यक्रममा लैससास लक्ष्य रणनिति निर्धारण गरि कार्यन्यन गर्ने र प्राप्त उपलब्धिलाई लैससास दृष्टीकोणबाट बिश्लेषण गर्ने | महिला बिकास शाखा | कार्यपालिका | महिला विकास शाखा | आगामी आ.व देखि | ✓ | |
| | | | | | | | | |
| संस्थागत व्यवस्था २० | १२.५ | १.लैङ्गिक विकास डेस्क तथा जिम्मेवारी किटान गर्ने | महिला बिकास शाखा | कार्यपालिका | महिला विकास शाखा | दिस्रो चौमासि २०७८ | | ✓ |
| | | २. कर्नचारी तथा जनप्रतिनिधिको क्षामता विकासको प्रयाप्तमात्रामा बजेटको बिनियोजन गर्ने | प्र.सा शाखा | कार्यपालिका | गा.पा | निरन्तर | | ✓ |
| | | ३. महिला तथा पिछडीएका बर्गको क्षामता बिकसका कार्यक्रम गरि समिति उपसमिति तथा कार्यदलमा प्रमुख निर्णायक भुमिकामा ल्याउने | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा | निरन्तर | ✓ | |
| | | | | | | | | |
| | | | | | | | | |
| मानव संसाधन तथा क्षमता विकास २० | ८.५ | १.गाँउपालीकामा कर्मचारी तथा पदाधिकारीको क्षामता बिकास तथा समस्या समाधानको लागी छुटै मानव संशाधन विकास शाखाको व्यावस्था गर्ने | प्र.प्र.अ | कार्यपालिका | गाँउपालिका | प्रथम चौमासिक | | ✓ |
| | | २.कर्मचारी तथा पदाधिकारीको लै.स.सा.स सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय निति, कानुन, धोषण पत्र आदि सम्बन्धि अभिमुखिकरण | महिला विकास शाखा | उपाध्यक्ष | महिला विकास शाखा | दोस्रो चौमासिक | ✓ | |
| | | ३. वडा नं ७ लाई लैङ्गिक हिंसा रहित वडा घोषणाको लागि प्रस्ताव गर्ने | वडा अध्यक्ष | कार्यपालिका | वडा कार्यलय | आ.ब २०७८ भित्र | ✓ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४. निर्वाचित जनप्रतिनिधि र कार्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार संचालन एन, अत्तर सरकार वित व्यावस्थापन ऐन, मुलुकी संहिता तथा निति तथा कार्यबिधि निर्माण प्रकृया वारे अभिमुखिकरण गर्ने | प्.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | तेस्रो चौमासीक भित्र | ✓ | |
| | | ५.समाजमा रहेका कुसंस्कार निवारणका लागि जनचेतता मुलक कार्यक्रमलाई निरन्तरता दिने | महिला बि. शाखा | कार्यपालिका | | गा.प | ✓ | |
| | | | | | | | | |
| सेवा प्रवाह २० | ८.५ | १. गर्भवतीलाई जोखिमयुक्त खतरा मुक्त काम नलगाउने तथा मातृ शिशु सुरक्षको लागि निति नियम बनाई कार्यन्वयन गर्ने | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | आगामी आ.व भित्र | | ✓ |
| | | २. महिला , गरिब निमुखा र वञ्चितिकरणमा परेका व्याक्तिहरुको स्वास्थ्य विमा गर्नको लागि उचित वजेटको व्यावस्था गरि सहजिकरण गर्ने | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | आगामी आ.व भित्र | | ✓ |
| | | ३ गाँउपालिकाक तथा वडा कार्यकयगरुमा स्थनपन कक्षको व्यावस्था गर्ने | स्वास्थय शाखा | कार्यपालिका | स्वास्थय शाखा | दोस्रो चौमासीक | | ✓ |
| | | ४. गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुकुल सुपथ मुल्यमा सहकारी पसलहरुको व्यावस्थापन गर्ने | आ.बि शाखा | कार्यपालिका | आ.बि शाखा | निरन्तर | ✓ | |
| | | ५. योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने | आर्थिक विकास शाखा | कार्यपालिका | आर्थिक बिकास शाखा | निरन्तर | ✓ | |
| | | | | | | | | |
| सुशासन तथा उत्तरदायित्व २० | १४ | १. गाँउपालिकाले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वयनमा | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | निरन्तर | | ✓ |
| | | २.गाँउपालिका द्दारा निर्माण भएका निति तथा कार्यक्रमहरुलाई स्थानिय स्तरको संचार माध्यमबाट स्थानिय भाषामा प्रशारण गर्ने | सुचना शाखा | प्र.प्र.अ | सुचना शाखा | निरन्तर | | ✓ |
| | | ३. अनुगमन तथा मुल्याङ्कनको लागि लै.स.स.सा दृष्टिकोटबाट हेर्ने मापदंण्ड तयार गरि सिकाईलाई बार्षिक कार्यक्रमको अग्रपङ्तिमा राखी दस्तावेजिकरण गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | दोस्रो चौमासीक | | ✓ |
| | | ४. गाँउपालिकाको जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | पहिलो चौमासीक | | ✓ |
| | | ६.महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई अभिमुखिकरण गर्ने | उपाध्यक्ष | कार्यपालिका | प्र.सा शाखा | दोस्रो चौमासीक | ✓ | |
| | | | | | | | | |

***अनुसुचि ३: सहभागीको विवरण:***

| क.स. | नाम | पद | सम्पर्क नं | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म | पु | अन्य | बा. क्षे.ठ. | जनजाति पहाड/तराई | दलित पहाड/तराई | मधेशी |
| १ | नुमानन्द सुबेदी | अध्यक्ष | | | ✓ | | ✓ | | | |
| २ | जगदम्वा कु. चौधरी | उपाध्यक्ष | | ✓ | | | | ✓ | | |
| ३ | शोभाराम रिजाल | प्र.प्र.स | | | ✓ | | ✓ | | | |
| ४ | चन्द्र चौधरी | वडा अध्यक्ष | | | ✓ | | | ✓ | | |
| ५ | वेद प्रशाद चौधरी | " | | | ✓ | | | ✓ | | |
| ६ | विद्दाशरण चौधरी | " | | | ✓ | | | ✓ | | |
| ७ | सुनिता मल्ल | का. सदस्य | | ✓ | | | ✓ | | | |
| ८ | महेश अधिकारी | कृषि अधिकृत | | | ✓ | | ✓ | | | |
| ९ | विकास शर्मा | अधिकृत | | | ✓ | | ✓ | | | |
| १० | भारती सन्यासी | स्वास्थ्य शाखा | | ✓ | | | ✓ | | | |
| ११ | वालचन्द्र गुरुङ | सु.प्र. अ | | | ✓ | | | ✓ | | |
| १२ | अनिल अधिकारी | कृषि अ | | | ✓ | | ✓ | | | |
| १३ | नारायण राउत | स्वास्थ्य | | | ✓ | | ✓ | | | |
| १४ | शेर ब. हमाल | प्रेस. स | | | ✓ | | ✓ | | | |
| १५ | निर्माला गिरि | ना.प्रा.स | | ✓ | | | | ✓ | | |
| १६ | सिमा भट्ट | प्रा.स | | ✓ | | | ✓ | | | |
| १७ | गिता चौधरी | खा. पा. सं. टे | | ✓ | | | | ✓ | | |
| १८ | जिवन कु. जिसि | म.बि.शा | | ✓ | | | | ✓ | | |
| १९ | बिनिता कू चौधरी | ई.डी एफ | | ✓ | | | | ✓ | | |
| २० | अमिता कु. चौधरी | ई.डी एफ | | ✓ | | | | ✓ | | |
| २१ | रेशम राज अधिकारी | | | | ✓ | | ✓ | | | |
| २२ | तिर्थराज शर्मा | सं. संयोजक | | | ✓ | | ✓ | | | |
| २३ | बनारासी चौधरी | का.स | | | ✓ | | | ✓ | | |
| २४ | सुवास भट्टराई | क.अ | | | ✓ | | ✓ | | | |
| २५ | विश्वास वि.क | शा.अ | | | ✓ | | | | ✓ | |
| २६ | श्यामलाल पोखरेल | | | | ✓ | | ✓ | | | |
| | **जम्मा- २६** | | | | | | | | | |